नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २२३५८०, २६२९९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

विषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा विपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२२ गते गरेको कार्यहरु देहायबमोजिम रहेको कुरा सम्वन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- आज मिति २०७२/०१/२२ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ८५ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ८२९ मेडिकल विशेषज्ञहरु र ७७१ प्यारामेडिक्स्हरु गरी जम्मा १६०० रहेका छन।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल विशेषज्ञहरुको टिम परिचालन भएका छन् । जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ।
- आज अस्थायी फिल्ड अस्पतालहरु भारतीय टिमले लगनखेलमा, स्टकपाईलले पाटन, शिक्षण अस्पताल र शसस्त्र प्रहरी अस्पतालमा, इजराईलले आर्मी अस्पताल छाउनीमा, पाकिस्तानले भक्तपुरमा, चिनले सिंहदरवार र धुलिखेल काभ्रेमा, भुटानले नुवाकोटमा, इन्डियन आर्मीले सिनामंगलमा, जाईका जापानले सिन्धुपाल्चोकको बाह्रबिसेमा, चेक रिपब्लिक र जापानले सिन्धुपाल्चोकको मेलम्चीमा, नर्वेले सिन्धुपाल्चोकको चौतारामा, थाईलैण्डले सिन्धुपाल्चोकको सिपाघाटमा, जर्मनीले सिन्धुपाल्चोकको जलबिरेमा, टर्कीले गोरखामा, एम.एस.एफ. फ्रान्सले गोरखाको आरुघाटमा, कतार रेडक्रसले नुवाकोटको खरानीटारमा र क्यानडा र नर्वेले रसूवाको धुन्चेमा स्थापनागरी कार्य गर्न थालेका छन् ।

२.उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- धादिङका ३ वटा भूकम्पबाट प्रभावित गा.वि.स. हरुमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट गएको टोलिलाई अत्यावश्यक औषधिहरु पठाइएको छ।
- जिल्ला स्वास्थ्य कार्यालय, रामेछाप, गोरखा, नुवाकोट, काठमाडौं लगायत अन्य विभिन्न ८ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरिएको छ ।
- औषधिहरुको भण्डारन र वितरणमा सहजताका लागि WHO को सहयोगमा १०x२५ मिटर क्षेत्रफलको टेन्ट WFP को प्राविधिक सहयोगमा आपूर्ति व्यवस्था महाशाखाको परिसरमा जडान गरिएको छ ।
- World Red Swastika Society, Tiwan बाट Interagency Emergency Health Kit 2011, 28 Box प्राप्त भयो जसमा सामान्य औजार उपकरणहरु सहित अत्यावश्यक औषधिहरु समेत समावेश छ ।
- Cipla India Ltd भारतबाट सहयोगस्वरुप रु.४९९८४०। भारतिय रुपैया बराबरमा Azithromycin ciprofloxacin, Ofloxacin र Ondansteron जम्मा ९५००० ट्याब्लेट प्राप्त भई स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था विभागमा दाखिला गरिएको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
फोन नं. १४- { २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३ }
रामशाहपथ,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७१/०७२
च.नं. :-

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२२ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्याः ५०,६६५ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर १३२७८ | • नुवाकोट ४५७१ |
| • धादिङ १९७३ | • ओखलढुङगा ९२ |
| • दोलखा २६४ | • रामेछाप १५०० |
| • गोरखा २२७३ | • रसुवा७०० |
| • काठमाण्डौ १३७५५ | • सिन्धुली १३३ |
| • काभ्रे ५८३४ | • सिन्धुपाल्चोक १६९८ |
| • ललितपुर १८६७ | • लमजुङ १९३ |
| • मकवानपुर ३३४ | • निजामती अस्पताल २२०० |

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारीजन्य रोगहरु रोकथामकालागि स्वास्थ्य सन्देश संचार माध्यमहरुबाट प्रचार-प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।

५. औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

- प्रभावित जिल्लाका जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीका देहाय बमोजिमका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु लगायत हालसम्म १० जनालाई आफ्नो कार्यक्षेत्रमा अनुपस्थित रहेको कारणले नीजहरुलाई निलम्बन गरीएको छ ।

  १. डा. अर्जुन सापकोटा, ब.ए.चि.अ., आठौं, जिल्ला स्वास्थ्य कार्यालय, दोलखा
  २. बिजय यादब, अ.हे.ब., खरिबोट उपस्वास्थ्य चौकी, गोरखा
  ३. सिता तामाङ घिमिरे, अ.न.मी., आरुआर्वाङ्ग उपस्वास्थ्य चौकी, गोरखा
  ४. सुब्बा बहादुर गुरुङ्ग, अ.हे.ब., पन्द्रुङ उपस्वास्थ्य चौकी, गोरखा
  ५. मिना कुमारी गुरुङ्ग, अ.हे.ब., आरुआर्वाङ्ग उपस्वास्थ्य चौकी, गोरखा
  ६. सरस्वती सुबेदी, अ.हे.ब., लापु उपस्वास्थ्य चौकी, गोरखा
  ७. विनिता कुमारी पूर्बे, अ.न.मी., बोर्लाङ स्वास्थ्य चौकी, गोरखा
  ८. कुमारी उषा किरण, अ.न.मी., सौरामानी स्वास्थ्य चौकी, गोरखा
  ९. करुणा श्रेष्ठ, अ.हे.ब., बोर्लाङ स्वास्थ्य चौकी, गोरखा
  १०. पूर्ण बहादुर गुरुङ, अ.हे.ब.,बिहि उपस्वास्थ्य चौकी, गोरखा

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्वन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फो.- ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

६. स्वास्थ्य आपतकालिन केन्द्रिय समन्वय समितिको मिति २०७२।०१।२२ गतेको निर्णयहरु:

१. हाल HUB Hospital Coordinator ले आ-आफ्नो HUB Hospital हरुबाट उपचार गरेका बिरामीको सन्दर्भमा तोकिएको ढाँचामा वस्तृत विवरण संकलन गरी पेश गर्ने र प्रतिक्षारत बिरामीहरुको हकमा मन्त्रालयद्वारा २०७२।०१।१२ गते गठन भएको प्राविधिक समितिसंग समन्वय गरी तत्काल उपचार गर्ने व्यवस्था मिलाउने ।

२. प्रकण नं. १को आधारमा हाललाई पेश भएका Major Operation को संख्याको ५०% रकम सम्बन्धित अस्पताललाई तत्काल भुक्तानी दिने व्यवस्था मिलाउने ।

३. प्रतिक्षारत विरामीहरुको उपचारमा सहजीकरण गर्न देहाय बमोजिमको प्राविधिक टिम गठन गरी काममा लगाउने ।
   - क. डा. बच्चुराम के.सी. - संयोजक, नेपाल आर्मि स्वास्थ्य विज्ञान संस्थान, अर्थोपेडिक सर्जन
   - ख. डा. रोहित पोखेल - सदस्य, त्रि.वि.शिक्षण अस्पताल, अर्थोपेडिक सर्जन
   - ग. डा. मोहन शर्मा - सदस्य, त्रि.वि.शिक्षण अस्पताल, न्यूरो सर्जन
   - घ. डा. ओम अर्याल - सदस्य, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, - अर्थोपेडिक सर्जन
   - ङ. डा. सुबोध अधिकारी - सदस्य, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, - सिनियर सर्जन
   - च. डा. रविन्द्र प्रधान - सदस्य, काठमाण्डौं मेडिकल कलेज, - अर्थोपेडिक सर्जन

४. उपरोक्त प्रकरण नं. ३ को समितिको TOR देहाय बमोजिम हुनेछ ।
   - Evaluate & Expedite the Management of Injured Patient.
   - Facilitate the referral system to the hospital having needed medical facilities.
   - Inform and advice to MoHP to facilitate the above jobs.
   - Make the long term management and rehabilitative program of the injured patient to the MoHP and formulate of plan.

५ हाल घाईतेहरुको उद्दार एवं उपचारमा संलग्न स्वदेशी तथा विदेशि मेडिकल टिमहरुलाई District Coordinator and HUB Coordinator संग समन्वय गरी NEOC/MoHP Letter of Appreciation दिने साथै सो को लागि देहायको समिति गठन गरी कार्यादेश दिने ।
   - क. डा. खेम कार्की - संयोजक, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ।
   - ख. श्री सागर दाहाल - सदस्य, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
   - ग. डा. अतुल दाहाल- सदस्य, विश्व स्वास्थ्य संगठन, प्रतिनिधि

६. उपरोक्त प्रकरण नं. ५ को समितिको TOR देहाय बमोजिम हुनेछ ।
   - प्रमाणपत्रको ढाँचा तयार गर्ने ।
   - सिफारिश दिने आधारहरु तयार गर्ने ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय